अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ३ प्रमाणिकरण मितिः२०८२|०९|२९ प्रकाशन मितिः२०८२|०९|२९

## भाग-१

भजनी नगरपालिका नगर शिक्षा ऐन,२०८१ (पहिलो शंशोधन,२०८२)

भजनी नगरपालिका नगर शिक्षा ऐन,२०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर सभाले यो ऐन संशोधन गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम भजनी नगरपालिका नगर शिक्षा ऐन,२०८१ (पहिलो शंशोधन २०८२) रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **ऐन,२०८१को दफा ५१ (१) मा संशोधन :** भजनी नगरपालिका नगर शिक्षा ऐन,२०८१ को दफा ५१ (१) को " सामुदायिक......... रहने छ ।" को सट्टा देहायको ५१ (१) राखिएको छ :-

" दफा ५१(१) सामुदायिक विद्यालयमा राहत शिक्षक ,संघीय अनुदान ,बाल विकास शिक्षक र कर्मचारी वा नगरपालिकाको स्रोतबाट पारिश्रमिक भुक्तानी हुने शिक्षक/कर्मचारी दरबन्दी रिक्त भएमा पदपूर्ति सम्बन्धि व्यवस्था प्रचलित संघीय कानुन अनुसार हुनेछ ।"

३. **ऐनको दफा ५१ (२) मा संशोधन :** भजनी नगरपालिका नगर शिक्षा ऐन,२०८१ को दफा ५१ (२) को " बिषय ............ तोक्नेछ । " को सट्टा देहायको ५१ (२) राखिएको छ :-

" दफा ५१(२)बिषय विज्ञ छनौट गर्दा बिद्यालय व्यवस्थापन समिति र शिक्षा शाखाको रोहबरमा सम्बन्धित बिषयको बिज्ञ सूची मध्ये गोला प्रथाबाट छनौट गरिनेछ ।"

४. **ऐनको दफा ५१ (३) मा संशोधन :** भजनी नगरपालिका नगर शिक्षा ऐन,२०८१ को दफा ५१ (३) खारेज गरिएको छ ।

५. **ऐनको दफा ५१ (४) मा संशोधन :** भजनी नगरपालिका नगर शिक्षा ऐन,२०८१ को दफा ५१ (४) खारेज गरिएको छ ।

६. **ऐनको दफा ५१ (५) मा संशोधन :** भजनी नगरपालिका नगर शिक्षा ऐन,२०८१ को दफा ५१ (५) खारेज गरिएको छ ।

७. **ऐनको दफा २२ को उपदफा (८) पछि देहायको उपदफा (९) थप गर्ने :-**

" दफा २२ (९) बिद्यालय व्यवस्थापन समिति बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ, अध्यक्षको अनुपस्थिति वा अध्यक्षको चयन नभए सम्म बैठकको अध्यक्षता समितिको जेष्ठ सदस्यले गर्नेछ ।"

आज्ञाले,
भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत